# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका कार्यालय

भरतपुर, चितवन




## आर्थिक बर्ष २०७५/०७६ प्रथम चौमासिकको

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**नेपाल पत्रकार महासंघ**

**जिल्ला शाखा, चितवन**

# सार्वजनिक सुनुवाई कार्यक्रम

## आ.ब. २०७५/०७६ (प्रथम चौमासिक)

स्थान : भरतपुर-२०, चितवन

**संयोजन:**
**नेपाल पत्रकार महासंघ**
चितवन शाखा

**आयोजक:**
**भरतपुर महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

मिति : ४ पौष २०७५



**विषय सूची** **पेज नं.**


| | |
|---|---|
| १, परिचय | ४ |
| १:१ पृष्टभूमी | ४ |
| १:२ कार्यक्रमको उद्धेश्य | ५ |
| २, विधि | ५ |
| २:१ समन्वय र प्रचार प्रसार | ५ |
| २:२ सूचना र राय संकलन | ५ |
| क) बहिर्गमन अभिमत | ५ |
| ख) नागरिक प्रतिवेदन | ५ |
| ग) नागरिक बडापत्र अनुसार सर्वाजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन | ६ |
| ३, नतिजाहरु : | ६ |
| ३:१ बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्रमा सहभागी विवरण | ६ |
| ३:२ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया | ६ |
| ३:३ नागरिक अभिमत मार्फत प्राप्त प्रतिक्रिया | ७ |
| ४, सार्वजनिक सुनुवाई | १४ |
| ४:१ कार्यक्रम विवरण | |
| ४:२ प्रारंम्भिक प्रतिवेदन | |
| ४:३ सहभागीले राखेका जिज्ञासा र त्यसको सम्बन्धित सरोकारवालाको जवाफ | १६ |
| ५,निष्कर्ष | २४ |
| ६, अनुसूचीहरु | २५ |

सार्वजनिक सुनुवाई विशेष तस्वीरहरु, सार्वजनिक सुनुवाई सम्बन्धी जानकारी मूलक चिट्ठीपत्र, उपस्थिति, सार्वजनिक सूचना र प्रकाशित समाचार

# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर चितवन

आर्थिक बर्ष २०७५/०७६ को प्रथम चौमासिक

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १, परिचय

### १:१ पृष्टभूमि

नेपालको संविधानले निर्धारण गरेको तीन तहको सरकार मध्य स्थानीय तहको सरकार जनताका दैनिकी संग नजिक रहेको, जनतासंग प्रत्यक्ष सरोकार राख्ने सरकार हो । त्यसैले पनि स्थानीय तह र आम नागरिकहरुका बिचमा दोहोरो सम्वाद आवस्यक छ । त्यस्तो दोहोरो सम्बादबाट जनतालाई विकासको प्रकृयामा सहभागी गराउन उनीहरुबाट प्राप्त हुने प्रतिक्रियालाई रचनात्मक ढंगले ग्रहण गरि अगाडी बढ्नु अनिवाई हो । त्यसेले स्थानीय तह अर्थात स्थानीय सरकारलाई जिम्मेवार बनाउने उदेश्यले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ तर्जुमा गरिएको हुनुपर्दछ ।

सार्वजनिक सुनुवाई स्थानीय तह बाट संचालन हुने विभिन्न विकास कार्यक्रम, उपलब्ध सेवा, बस्तु र सुविधाका विषयमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका सवाल र प्रश्नहरुमा स्पष्टतका साथ उत्तर दिई उनीहरुले राखेका सुझाव ग्रहण गरि जिम्मेवार संस्कार बसाउने उद्धेश्यका शुरु गरिएको अभियान हो ।यो अभियान निश्चित कार्यविधि अनुसार गरिने क्रियाकलाप हो ।

यस पटक भरतपुर महानगरपालिकाले २०७५/०७६ को पहिलो चौमासिकमा सम्पादन भए गरिएका विभिन्न विकास निर्माणका काम, महानगर र महानगर माताहतका कार्यालयहरुबाट उपलब्ध हुने सेवा, बस्तु र सुविधाका बारेमा सार्वजनिक सुनुवाई यही पुस ४ गते भरतपुर महानगरपालिका वडा नम्बर २० कार्यालय परिसर नजिकै गरि सकेको अवस्था हो ।

सार्वजनिक सुनुवाई र सुनुवाईमा उठेका विषय अनि सरोकारवाला पक्षबाट आएका उत्तरले आगामी दिनमा यस भन्दा अगाडिको काम गर्न सहजता प्राप्त हुने निश्चित छ । यस्ता सार्वजनिक सुनुवाईबाट कामको दौरानमा भए गरिएका गल्तीबाट पाठ सिक्दै बाँकी काम र सेवा गुणस्तरीय बनाउँदै लैजान सहज हुनेछ ।

महानगरपालिकामा जनप्रतिनिधि आएको झण्डै १५ महिना पछि नेपाल पत्रकार महासंघको समन्वयमा सम्पन्न गरिएको उक्त सार्वजनिक सुनुवाई पहिलो व्यवस्थित सार्वजनिक सुनुवाई भएको अभिव्यक्ति आएका छन् ।

सार्वजनिक सुनुवाई पूर्व नागरिकबाट महानगरले दिएका त्यस्ता सेवा सुविधा र महानगरले गरेका विकास निर्माणको बारेमा आम नागरिक संग अभिमत लिने गरिन्छ । यसरी लिइने अभिमतमा कार्यालयमा सेवा लिएर बाहिरिँदै गरेका नागरिक संग **बहिर्गमन अभिमत** र कार्यालयमा सेवा लिँदाको प्रत्येक्ष अनुभव र भोगाई लाई **नागरिक प्रतिवेदन** लिने गरिन्छ । महानगरबाट भए गरिएका त्यस्ता विकास निर्माण, सेवा सुविधाका विषयमा लिइने नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत लिन हामीले यस पटक महानगरपालिकाले छनोट गरेको वडा नम्बर १८, वडा नम्बर २० र महानगरपालिका नगरकार्यपालिका कार्यालय यो अध्ययन प्रतिवेदनको आधार मानेका थियौ । नेपाल पत्रकार महासंघ

चितवन शाखाले लिएको जिम्मेवारी महानगरपालिका र सार्वजनिक सुनुवाई कार्यविधि २०६७ लाई आधार मानेर हामीले महानगरको वडा नम्बर १८ कार्यालयमा सेवा लिंदै गर्नु भएका ४२ जना, वडा नम्बर २० सेवाग्राही १३ जना र महानगरपालिका नगरकार्यापालिका बाट १३ जना गरि ६८ जना सेवा लिंदै गर्नु भएका सेवाग्राहीसंग नागरिक प्रतिवेदन संग सम्बन्धित सन्तुष्टि वा असन्तुष्टि जनाउने प्रश्नावली भरेका थियौ । भने वडा नम्बर १८ को कार्यालयबाट सेवा लिएर फर्कदै गर्नु भएका १० जना वडा नम्बर २० को कार्यालयमा सेवा लिनु भएका ९ जना र महानगरपालिका नगर कार्यपालिकाबाट सेवा लिएर फर्कने क्रममा रहनु भएका १३ जना गरि ३२ जना संग बहरिर्गमन अभिमत लिएका थियौ । नागरिक अभिमतमा हामीले ६८ जना संग सेवाको सन्तुष्टि, सेवा नियमितता, सेवा प्रति जनविश्वास, सेवाको गुणस्तर, सेवा सम्बन्धी जानकारी र नागरिक वडापत्रका विषयमा गरि २० वटा जिज्ञासाको उत्तर र सिफारिस सम्बन्धी २७ वटा प्रश्न सोधेका थियौ ।

त्यसै गरि सेवा लिएर फर्कने क्रममा रहनु भएका संग उहाँहरुको जात, शिक्षा, कार्यालय आउनुको कारण र सेवा सम्बन्धी विभिन्न ६ वटा प्रश्न सोधेका थियौं । कार्यालयमा उहाँले भोग्नु भएको समस्या र त्यहाँ आउदा भएको राम्रो अनुभूतिसमेत कस्तो रह्यो भविस्यमा कस्ता सुधार आवस्यक छन भन्ने राय सुझाव समेत संकलन गरेका थियौ ।

**१:२ कार्यक्रमको उद्धेश्य**

सेवाग्राहीले उठाएका पश्नमा स्पष्टता ल्याउने
रचनात्मक सुझावलाई ग्रहण गरि जवाफदेही संस्कार विकास गर्ने
न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको आधार तयार पार्ने

**२, विधि**

२:१ महानगरपालिका नगर कार्यपालिका कार्यालयले जनप्रतिनिधि, कर्मचारी र विषयगत कार्यालयको समन्वय बैठक गरि कार्यक्रमको पूर्वतयारी, माताहतका सरोकारवाला संस्थालाई जानकारी गराएको थियो । नेपाल पत्रकार महासंघले समेत सरोकारवाला निकायमा जानकारी र कार्यक्रम स्थलबारे अध्ययन गरेको थियो । त्यसै गरि बहिर्गमन अभिमत लिँदा होस या नागरिक प्रतिवेदन भर्दा ती सबै सेवाग्राहीलाई सार्वजनिक सुनुवाईमा उपस्थित हुन अनुरोध गरिएको थियो । त्यसको अलावा सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउन केही महत्वपूर्ण क्षेत्रमा दुई दिन सम्म माईकिङ्ग समेत गरिएको थियो ।

**२:२ सूचना र राय संकलन**

**क, बहिर्गमन अभिमत**

महानगरपालिकाले छनोट गरेका वडा नम्बर १८, २० र महानगरपालिका नगर कार्यपालिकामा पुगेर त्यहाँबाट सेवा लिएर फर्कदै गरेका ३२ जना संग बहिर्गमन अभिमत लिइएको थियो । ती सबैलाई सार्वजनिक सुनुवाईमा आफै उपस्थित भएर आफ्नो सवाल र सुझाव आफै राख्नु निम्तोसमेत गरिएको थियो ।

**ख) नागरिक प्रतिवेदन पत्र**

महानगरपालिकाले छनोट गरिदिएको वडा नम्बर १८, २० र महानगरपालिका नगर कार्यपालिका कार्यालयमा सेवाको लागि आउने वडा नम्बर १८ का ४२ जना, वडा नम्बर २० का १३ जना र नगर कार्यपालिकामा सेवाको लागि आएका १३ जना गरि ६८ जना सेवाग्राहीसंग नागरिक प्रतिवेदनमा निर्दिष्ट गरिएका प्रश्नको सवाल जवाफ गरिएको थियो । उनीहरुलाई पुस ४ गते वडा नम्बर २० नजिकै हाटबजार भवनमा हुने सार्वजनिक सुनुवाईमा उपस्थित हुन अनुरोधपनि गरिएको थियो ।

**ग) नागरिक वडापत्र अुनसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन**

सार्वजनिक सेवा सम्बन्धी गरिएको उक्त अध्ययनको प्रारंम्भिक प्रतिवेदन सार्वजनिक सुनुवाई हुनुपूर्व सरोकारवाला र सेवाग्राही समक्ष प्रस्तुत गरिएको थियो ।

**३:१ बहिर्गमन अभिमत एवं नागरिक प्रतिवेदनमा सहभागीहरुको विवरण**

यी दुबै अभिमतको लागि कार्यालयमा भेटिएका मध्ये उनीहरुको बाह्य पहिचानबाट आफ्नो सर्वेक्षणको आधार समावेशी नीति अपनाएका थियौं । सहभागी उत्तरदाताहरुलाई आफ्नो उत्तर लिपीवद्ध गरिदिन अनुरोध पनि गर्‍यौं । केहीले हाम्रो अनुरोधलाई मान्नुभयो हामीले लिपीवद्ध गर्‍यौ र केहीको मौखिक भनाई सहभागी स्वयं लाई सार्वजनिक सुनुवाईको दिन आफै उपस्थित भएर आफ्नो समस्या र सवाल आफै राख्नुहोला भनेर अनुरोध पनि गरेका थियौ ।

**बहिर्गमन अभिमतः** सहभागी ३२ जनामा ११ जना महिला र २१ जना पुरुष हुनुहुन्थ्यो । **नागरिक प्रतिवेदनमा**सहभागीता जनाउनुहुने ६८ जनामा २१ जना महिला र ४७ जना पुरुष हुनुहुन्थ्यो । ४७ जना मध्ये १६ जना स्नातक, २५ जना एसएसली देखि दश जोड दुई सम्म र ३५ जना साक्षर हुनुहुन्थ्यो ।

**३:२ सहभागीबाट आएका प्रश्न र सुझाव**

**क) महानगरपालिका नगर कार्यपालिका कार्यालयमा भेटिएका सहभागीको राय :**

**राम्रो पक्ष** : कर्मचारी सहयोगी

**सुधार गर्नुपर्ने** : कामको बेला मोवाईल चलाउन बन्देज गर्नु पर्ने, पार्किङ्ग क्षेत्र व्यवस्थित हुनुपर्ने, कर तिर्ने स्थानमा टोकन सिष्टमको खाँचो, भौतिक संरचनामा ध्यान दिन आवस्यक, जे काम गर्ने भनिन्छ त्यो समयमा पुरा गर्नु पर्‍यो । सल्लाहा दिनेलाई पराई ठान्नु भएन । उजुरी पेटिका प्रयोग विहिन भएको छ ।

महानगर अधिकाँश बुँदाहरु अनावस्यक र झन्झटिला
प्रश्न सम्बन्धित विषयबस्तुमा केन्द्रीत नभएको आरोप
सेवा सुविधा पुरानै ढर्रामा
जनता आकर्षण गर्ने योजना खासै नदेखिएको गुनासो
हिजो महानगर बनाउदा जुन प्रकारको उत्साह थियो त्यो सेलाउँदै गएको भनाई
केहीले महानगरपालिका कार्यालय प्रवेशद्वारको दुई तर्फ जुन किसिमले मोटरसाईकलहरु पार्किङ्ग गरिएका छन त्यसले महानगरलाई गिज्याइरहेको भन्ने भनाई पनि राख्नुभयो ।

**वडा नम्बर १८ का सहभागीबाट आएका प्रश्न र सुझाव**

**राम्रो पक्ष** : विकास निर्माणको काम राम्रो हुँदै आएको

**सुधार आवस्यक** : प्रभावकारी सेवा, प्रभावकारी सेवा, प्रभावकारी सेवा

सेवामा ढिलाई नहोस, सेवामा पारदर्शीता होस, कर्मचारी अभावले एउटा वडाको मानिस अर्को वडामा कामको लागि जानुपर्ने अवस्था नहोस, जनप्रतिनिधि भेटनै मुश्किल
सार्वजनिक जमिन सुरक्षा गर्नुपर्ने


**वडा नम्बर २० सहभागीबाट आएका प्रश्न र सुझाव**

**राम्रो पक्षः** सरसफाई र पार्किङ्ग सहज, जिल्लामा हुने काम वडामै पाउँदा खुशी

**सुधार पक्ष** : छिटोछरितो सेवाको खाँचो , कर्मचारी झर्कने कामप्रति गैरजिम्मेवार बन्ने गरको अवस्था, कम्प्युटर अपरेटर नहुँदा समस्या, व्यक्तिगत घटना, विवाह, जन्म मृत्यु दर्ता सम्बन्धी काम निशुल्क हुनुपर्ने र खेती योग्य जमिनमा पनि कर लगाउन सुझाव, बैठकहल र कम्प्युटर कक्ष छुट्टै बनाउन आवस्यक ।

**३:३ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया**

बाहिर्गमन अभिमतमा सहभागी संख्या ३२ जना महिला ११ र पुरुष २१ जना
सिफारिसको लागि आएका १३ जना
दर्ता /नबिकरणको लागि आएका १४ जना
योजना माग गर्न आएका २ जना
सूचनामूलयक सामाग्री प्राप्त गर्न २ जना
अन्य १जना



## ३:२ बहिगमन अभिमतबाट प्राप्त प्रतिक्रिया

### नतिजा

| क्र.सं. | सेवाग्राही संगको जिज्ञासा | सेवा मूल्याँकन संख्यामा | | | |
|---|---|---|---|---|---|
| १, | सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ? | सहभागी संख्या | अतिस्पष्टै | ठीकै | अस्पष्ट |
| | | ३२ | १५ | १७ | |
| २, | सेवाप्रदायक कर्मचारीले तपाईको आवस्यकता र अपेक्ष कति बुझ्े जस्तो लाग्छ ? | | अति धेरै | ठीकै | थोरै |
| | | ३२ | ५ | २५ | २ |
| ३, | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | | मिलनसार | ठीकै | अभद्र-अमर्यादित |
| | | ३२ | १७ | १६ | |
| ४, | सेवा प्राप्त गर्न आवस्यक सूचनाहरु( प्रमाण-कागजात र शुल्क दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे की? | | अति स्पष्ट गरिदिए | ठीकै | अलमल हुने गरि अस्पष्ट सूचना दिए |
| | | ३२ | १३ | १६ | ३ |
| ५, | तपाईले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ? | | सजिलो तरिकाबाट | ठीकै | समाधान दिन सकेनन् |
| | | ३२ | २४ | १८ | |
| ६, | सेवा प्राप्त गर्न अपनाइएको प्रकृया के कस्तो लाग्यो ? | | अति सजिलो (छोटो) | ठीकै | लामो |
| | | ३२ | ९ | २० | ३ |

## ३:३ नागरिक पत्र मार्फत प्राप्त प्रतिक्रिया र अवस्था

*प्रश्नावली भाग-१*

| क्र. सं. | सेवाको नाम | सेवाग्राही संग सोधिएको विषय | सेवा मूल्याँकन संख्यामा | | | |
|---|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सहभागी संख्या | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ६८ | २८ | ३७ | ३ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कति सन्तुष्ट हुनुहुन्छ ? | | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ६८ | २२ | ४३ | ३ |
| २ | सेवाको नियमितता | नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ६७ | १४ | ४४ | ९ |
| | | कार्यालय नियमित रुप्मा -कर्मचारीको उपस्थिति, समया पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको विश्वस्थ हुनुहुन्छ ? | | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ६८ | २४ | ३९ | ५ |
| | | तपाईले सेवा लिन जादा अतिरिक्त रकम तिर्नुभयो ? | | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | ६८ | ४७ | १७ | ४ |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषतका कतिदिन लगाउने गरेका छन? | | एक दिन | २ दिन | धेरै दिन |
| | | | ६५ | २९ | १५ | ११ |
| ३ | सेवा प्रतिको जनविश्वास | यस सस्थाले दिने सेवाप्रति तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ? | | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ६७ | २२ | ४५ | ० |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | | धेरै | ठीकै | गरेको छैन |
| | | | ६६ | ११ | ४३ | १२ |
| | | यस संस्थामा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ? | | धेरै | ठीकै | विश्वास छैन |
| | | | ६८ | १० | ५० | ८ |
| | | यस कार्यालयले विपन्न बर्गको | | छ | छैन | अलिअलि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | | | | थाहा छ |
| | | | ६८ | २६ | १५ | २७ |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ६८ | ४६ | १८ | ४ |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | | आफै | ठूलाबढाको सहारा | मध्यस्थकर्ता |
| | | | ६८ | ६२ | ५ | १ |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कतिदिन धाउनु पऱ्यो ? | | एक पटक | दुई पटक | धेरै पटक |
| | | | ६८ | ४० | २१ | ७ |
| ५, | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | | अति राम्रो | ठीकै | नराम्रो |
| | | | ६८ | १३ | ५३ | २ |
| | | कार्यालयमा रहेको नागरिक वडापत्रबारे तपाईलाई जानकारी छ ? | | छ | आशिँक जानकारी छ | कुनै जानकारी छैन |
| | | | ६८ | ९ | १७ | ४० |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | | अतिराम्रो | ठीकै | खासै राम्रो छैन |
| | | | ६८ | ९ | ५७ | ११ |
| | | सार्वजनिक कार्यक्रममा सिमान्तकृत बर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ? | | २० प्रतिशत | ५० प्रतिशत | थाहा छैन |
| | | | ६८ | १६ | १४ | ३८ |
| | | परिषदमा राष्ट्रिय नीति निर्देशनका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | | छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ६८ | ९ | ३२ | २८ |
| ६ | नागरिक वडापत्र/ उजुरी सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्र उपयोग कति हदसम्म गरेका छन ? | | धेरै | कम | गरेको छैन |
| | | | ६८ | १० | १८ | ४० |
| | | तपाईको विचारमा सेवा प्रदायकहरुले नागरिक वडापत्र अनुरुप कतिहदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | | धेरै | ठीक | अति कम |
| | | | ६८ | १० | २४ | ३४ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपभोग कुन हदसम्म भएको छ ? | | धेरै भएको छ | ठीकै भएको | भएको छैन |
| | | | ६८ | १ | २४ | ४३ |

**नागरिक प्रतिवेदन पत्र**

*प्रश्नावली भाग-२*

| क्र. सं. | सेवाको नाम | सेवाग्राही संग सोधिएको विषय | सेवा मूल्यांकन संख्यामा | | | |
|---|---|---|---|---|---|---|
| १ | सिफारिस सम्बन्धी | १:१ सिफारिसको लागि आवस्यक कागजात प्रष्ट जानकारी पाउनुभयो ? | सहभागी सख्या | पाए | ठीकै पाए | स्पष्ट पाइन |
| | | | ६८ | ३० | ३० | ८ |
| | | १:२ कुनै सिफारिसको लागि | | दिएँ | थोरै दिएँ | मागिएन दिइएन |
| | | | ६७ | ५ | ३ | ५९ |
| | | १:३ त्यहाँबाट दिइने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | | आफै | मध्यस्थ कर्ता | नेता/ठूल ाबडा |
| | | | ६८ | ५० | १२ | ६ |
| | | १.४. राजश्व शुल्क तथा दस्तुर को कससँग उठाउने गर्छन् ? | | सबैसँग | सिमितसँग | धेरै बक्यौता रहने गरेको छ । |
| | | | | | | |
| २ | पूर्वाधार तथा सरसफाई सम्बन्धी | २:१ कार्यालय सरसफाईको अवस्था कस्तो छ ? | | राम्रो | ठीकै | खराव |
| | | | ६८ | १६ | ४९ | ३ |
| | | २:२ कार्यालय सफाई सम्बन्धी गुनसो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | | तुरुन्तै हुन्छ | पटकपटक भनेपछि हुन्छ | जति भने पनि हुन्न |
| | | | ६८ | १८ | ३० | २० |
| | | २:३ तपाईको विचारमा जिल्ला समन्वय/महानगरले सफाई र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्दछ ? | | नियमित राम्रोसंग | ठीकै गर्दछ | नियमित गर्दैन |
| | | | ६८ | १५ | २८ | २५ |
| | | २:४ तपाईको वडा र महानगरको विकास निर्माणको स्थिति कस्तो छ ? | | राम्रो | ठीकै | खराब |
| | | | ६८ | १२ | ४५ | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २:५ सञ्चालन गरेका योजना कत्तिको प्रभावकारी छन ? | | प्रभावकारी छन | ठीकै छन | प्रभावकार ी छैनन |
| | | | ६८ | ११ | ४७ | १० |
| | | २:६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | | सहज | ठीकै | असहज |
| | | | ६७ | १४ | ३२ | २० |
| | | २:७ योजना जाँचपास गर्दा प्रविधिकहरुलाई रकम दिनु पर्छ ? | | पर्दैन | मागेर लिन्छन | रकम नदिए अप्ठ्यारो पार्छन |
| | | | ५३ | ४४ | ४ | ५ |
| | | २:८ योजना संचालन गर्दा प्रविधिक सहयोग कत्तिको पाउनु भएको छ ? | | सजिलै पाइयो | कहिलेक ही पाइयो | माग गर्दा पनि पाइएन |
| | | | ६७ | २७ | ३२ | ८ |
| | | २:९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ? | | सजिलै पाइयो | सोधेपछि पाइन्छ | सोधेपनि पाईदैन |
| | | | ६० | ९ | ४५ | ६ |
| | | २:१० स्थानीय तहको आचारसंहिता पालना भएको छ ? | | पालना भएको छ | ठीकै पालना भएको छैन | कत्तिपनि पालना भएको छैन |
| | | | ६६ | १३ | ४४ | ९ |
| | | २:११ योजना सञ्चालन गर्दा सम्बन्धित संस्था जिसस/ महानगर/ नगरबाट कत्तिको सहायोग पाउनु भएको छ ? | | धेरै पाएको छु | ठीकै पाएको छु | निरुत्साहित गरिन्छ |
| | | | ६६ | ८ | ४८ | १० |
| ३ | यस कार्यालयका विषयमा तल सोधिएका विभिन्न प्रश्नहरुमा तपाईको अनुभव कस्तो छ । | ३:१ आर्थिक स्रोत कस्तो छ ? | | आवस्यक स्रोत उपलब्ध | कम स्रोत उपलब्ध | अति कम स्रोत उपलब्ध |
| | | | ६६ | २४ | २३ | १८ |
| | | ३:२ काम गर्ने प्रणाली कस्तो छ ? | | अति सरल | ठीकै | जटील |
| | | | ६५ | ७ | ५४ | ४ |
| | | ३:३ कर्मचारीको सीप कस्तो छ ? | | आवस्यक सीप छ | आवस्यकता भन्दा कम | सीप निकै कम छ |
| | | | ६३ | ५० | ९ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३:४ महानगर/वडा कार्यालयको आम्दानी खर्च बाहिर सूचनापाटीमा टाँसेको देख्नु भएको छ ? | | देखेको छु | कहिले कही देखेको छु | खै कतै देखिएन |
| | | | ६२ | ७ | १२ | ४३ |
| | | ३:५ कार्य सम्पन्नको आधारमा मूल्याँकन भएको छ कि छैन ? | | छ | ठीकै मूल्याँकन हुने गरेको छ | कहिल्यै पनि भएको थाहा छैन |
| | | | ६२ | २२ | १६ | ४३ |
| | | ३:६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | | सन्तुष्ट | ठीकै | कुनै जानकारी छैन |
| | | | ६५ | ८ | ४७ | १० |
| ४ | पारदर्शिता सम्बन्धी | ४:१ महानगरमा अहिले सम्म यस बर्ष कतिवटा सार्वजनिक सुनवार्य कार्यक्रम सम्पन्न भए ? | | १ वटा | २ वटा | थाहा छैन |
| | | | ६१ | १२ | ५ | ४४ |
| | | ४:२ महानगरमा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन भए ? | | धेरै | कम | भएका छैनन |
| | | | ५९ | ६ | २० | ३३ |
| | | ४:३ महानगरमा बार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ? | | भएको छ | अहिले समम भएको छैन | कार्यक्रम बारे कुनै जानकारी छैन |
| | | | ६० | ९ | ९ | ४२ |
| | | ४:४ सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धताको कत्तिको कार्यान्वयन भएको छ ? | | धेरै | ठीकै | कम |
| | | | ६२ | ३ | १९ | ४० |
| | | ४:८ सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रकोविकास भएको छ ? | | संयन्त्र बनेको छ | कुने संयन्त्र बनेको छैन | कुनै जानकारी छैन |
| | | | ६४ | १० | ७ | ४७ |
| | | ४:९ यस कार्यालयको बार्षिक नीति, कार्यक्रम र स्रोतका | | धेरै जानकारी | ठीकै जानकार | कम जानकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बारेमा जानकारी पाउनु भएको छ ? | | पाएको छु | ी पाएको छु | छ |
| | | | ६३ | २ | २५ | ३६ |

**४, सार्वजनिक सुनुवाई कार्यक्रम**

भतरपुर महानगरपालिकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछि पहिलो पल्ट आर्थिक बर्ष २०७५/०७६ प्रथम चौमासिकको  सार्वजनिक सुनुवाई कार्यक्रम गत पुस ४ गते बुधबार तदनुशार १९ डिसेम्बर २०१८ सम्पन्न भएको छ ।

**स्थान** : भरतपुर महानगरपालिका वडा नम्बर २० कार्यालय परिसर नयाँ बजार नजिकै रहेको हाटबजार स्थलको रातो घर परिसर

**सहभागी संख्या** :

**मिति** : २०७५ पुस ४ गते (डिसेम्बर १९, २०१८)

**समय** : बिहान १०:३० देखि अपरान्न ४:३० सम्म

**अध्यक्षता : रेनु दाहाल, प्रमुख भरतपुर महानगरपालिका नगरकार्यपालिका कार्यालय**

**४:१ कार्यक्रम विवरण :**

भरतपुर महानगरपालिकाले पुस ४ गते बुधबार वडा नम्बर २० नयाँ बजार पसिर नजिकै रहेको हाट बजार स्थलनको रातोघर परिसरमा आव २०७५/०७६ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । महानगरपालिका प्रमुख रेनु दाहालको अध्यक्षतामा सम्पन्न गरिएको उक्त सार्वजनिक सुनुवाई नेपाल पत्रकार महासंघको संयोजनमा गरिएको हो । महासंघ उपाध्यक्ष शान्ता अधिकारीको संयोजकत्वमा सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा आगन्तुक पाहुनाहरुलाई स्वागत महानगरपालिका उपप्रमुख पार्वती शाह ठकुरीले गर्नुभएको थियो भने, सहजीकरण महासंघका कोषाध्यक्ष प्रकाश ज्ञावालीले गर्नु भएको थियो ।

चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, प्रहरी प्रमुख सुशीलसिंह राठोर, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेता यमबहादुर परियार, नेपाली काँग्रेसका कार्यवाहक सभापति भूपतिदास सापकोटा, सचिव उत्तम जोशी, महानगरपालिकाका विषयगत कार्यालय प्रमुखहरु, वडाध्यक्षहरु, जिल्ला समन्वय समितिलगायत विषयगत कार्यालय, नागरिक अगुवा, विभिन्न संघसंस्था, उपभोक्ता समितिका पदाधिकारी एवं प्रतिनिधि, पत्रकार लगायतको बाक्लो उपस्थिति रहेको थियो ।

पहिलो चरणमा राष्ट्रिय गान र उपप्रमुख पार्वती शाह ठकुरीले स्वागत मन्तव्य राखे पछि आरम्भ भएको कार्यक्रममा महानगरपाकिलाका प्रमुख प्रशाकीय अधिकृत नेत्र सुवेदी 'प्रयास' ले महानगरले हाल सम्म

गरेका विकास निर्माण, महानगरबाट दिइएको सेवा सुविधा र भावी कार्ययोजनाबारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा पत्रकार चिन्तामणि पौडेलले नेपाल पत्रकार महासंघले सार्वजनिक सुनुवाई पूर्व गरेको स्थलगत अध्ययनबाट प्राप्त बहिर्गमन प्रतिवेदन र नागरिक अभिमतमा सेवाग्राहीले राखेका जिज्ञासा र सुझावको संक्षिप्त प्रारंम्भिक प्रतिवेदन  प्रस्तुत गर्नु भएको थियो ।

पहिलो चरणको कार्यक्रम सकिए लगत्तै सहजकर्ता प्रकाशमणि ज्ञावालीले सार्वजनिक सुनुवाईका आचारसंहिता पढेर सुनाउँदै दोस्रो चरणको शुरुआत गर्नु भएको थियो । त्यस पछि आचारसंहितामा रहेर आफ्ना भनाई राख्न सहभागीलाई फ्लोर खुल्ला गरिएको थियो ।

महानगरपालिका प्रमुख रेनुदाहालको अध्यक्षतामा सम्पन्न उक्त सार्वजनिक सुनुवाईमा आम सर्वसाधारणले राखेका विकास निर्माण र सेवा सुविधा सम्बन्धी जिज्ञासाको उत्तर महानगर प्रमुख रेनु दाहालले दिनु भएको थियो भने, सुरक्षा सम्बन्धी विषयमा राखिएका जिज्ञासाको  प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले उत्तर दिनु भएको थियो । त्यसै गरि महानगरका अन्य विभागिय विषय र विकास निर्माणका विषयमा राखिएको जिज्ञासाको उत्तर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्र सुवेदी र वडाका विषयमा राखिएका जिज्ञासाको उक्त सम्बन्धित वडाध्यक्षहरुले दिनु भएको थियो ।

कार्यक्रममामहानगर प्रमुख दाहालले निर्वाचित पदाधिकारीले कार्यभार सम्हालेपछि आयोजना गरिएको यो पहिलो व्यवस्थित सार्वजनिक सुनुवाई भएको बताउँदै सार्वजनिक सुनुवाईमा आम नागरिकले उठाएका सवाल र दिएका सुझाव अक्षरस पालना गर्ने प्रतिवद्धता जनाउनुभयो । प्रमुख दाहालले महानगरले विकासको लागि गरेको शुरुआत पैसाको कारण नरोकिने बताउँदै निर्माण र सेवाको गुणस्तरमा ध्यान दिन उपभोक्ता समूहलाई अनुरोध गर्नुभयो । उहाँले सिटी हल निर्माणको लागि जमिनको निर्क्यौल भइसकेको र क्रिकेट मैदान पनि बन्ने कुरामा कुनै शंका नगर्न महानगरवासी संग अनुरोध गर्नुभयो । तपाईहरु आउनुहोस योजना प्रस्तुत गर्नुहोस प्राविधिक रुपमा योजना ठीक छन भन्ने भयो भने लगानीको कुनै समस्या छैन जतिपनि लगानी गर्न सकिने अवस्था छ प्रमुख दाहालले भन्नुभयो ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा मौखिक २० जना भन्दा बढी र लिखित ३० जना भन्दा बढीले आफ्ना जिज्ञासा राखेका थिए । कार्यक्रममा नेकपा नेता यमबहादुर परियार, नेपाली काँग्रेसका सचिव उत्तम जोशी, चितवन उद्योग संघका बरिष्ठ उपाध्यक्ष राजु पौडेललगायतले बोल्नु भएको थियो ।

### ४:३ सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीले राखेका जिज्ञासा, सुझाव र प्रतिक्रिया सम्बन्धित सरोकारवालाको जवाफ

| प्रश्नकर्ता गुनासो गर्ने र सुझाव दिनेको नाम र ठेगाना | सहभागीको प्रश्न गुनासो र सुझाव | जवाफ दिने अधिकारीको नाम पद र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|
| आदर्श आमा समूह भरतपुर २ क्षेत्रपुर | महिला तथा बालबालिकाको लागि महानगरका केही योजना सुनिएन ? महिला बालबालिकाको लागि बजेट कस्तो व्यवस्था छ ? | रेनु दाहाल<br>प्रमुख, भरतपुर महानगरपालिका | महानगरले महिला स्वास्थ्यलाई हितमा राखेर भरतपुर अस्पतालमा टिकट निशुल्क अभियान निरन्तरता दिइएको छ । महिला लक्षित गरिन ५० लाख ५० हजार रुपैंयाको बजेट जिनियोजन गरिएको बालमैत्री स्थानीयन शासनको लागि ३१ लाख रुपैंयाँ विनियोजित छ । |
| तीर्थराज रेग्मी<br>अध्यक्ष<br>चितवन चनौली सित भण्डार भरतपुर १८ | चितवन चनौली सित भण्डारको कार्य सम्पन्न गर्न ध्यानाकर्षण<br>भरतपुर मेघौली सडक २१ मिटर भनिन्छ कि लगत कट्टा गर्नु पर्‍यो कि मालपोत मिन्हा गर्नु पर्‍यो ।<br>छ महिनामा बन्ने संरचना २ बर्षमा पनि पुरा भएका छैनन । | रेनु दाहाल<br>प्रमुख<br>भरतपुर महानगरपालिका | शारदानगर चनौली सडकको निर्माणको लागि ठेकेदार छनोट भइ सकेको अवस्था छ । भरखरै मैले कुरा गरेँ फागुन अन्तिम सम्म काम सक्छु भन्नुभएको छ ।<br>रिङ्गरोडको १० किलोमिटर काम टेण्डर भइसकेको छ । अन्य भागको डीपीआर तयारी हुँदैछ । |
| विष्णुहरी वाग्ले भरतपुर १८ गुञ्जानगर | राममन्दिरको जमिन व्यक्तिले कब्जा गरेको विषयमा सम्बन्धित निकायको ध्यानाकार्षण गराउँछु | रेनु दाहाल | महानगरमा कहाँ कति जमिन सार्वजनिक पर्ती छ । कुन जमिन कसले हकभोग गर्दै आएको छ त्यसको लागि समितिसमेत बनिसकेको अवस्था छ । समितिले छानविनको काम |

| | | | |
|---|---|---|---|
| | | | अगाडि बढाएको छ । |
| रामबहादुर क्षेत्री<br><br>भरतपुर २० | चितवनको यातायात कार्यालयबाट सवारी चालक अनुमतिपत्र पाउने व्यवस्था मिलाइदिनुहुन अनुरोध | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | यस विषयमा धेरै पहिले देखि आवाज उठिरहेको छ हामी आशावादी छौ । |
| अम्बिका प्रसाद सापकोटा<br>भरतपुर ६ | किसानका समस्या किन समावेश गरिएन? सिंचाईका विषयमा महानगरको धारणा के छ ? लिफ्ट सिंचाईका मेसिन जीर्ण भए<br><br>भरतपुर अस्पतालमा टोकन प्रणाली शुरु गर्नु पर्‍यो | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | यस विषयमा समन्धित निकाय संग पटकपटक कुरा भइ रहेको छ । यस पटक सिंचाईको लागि बजेट कम भएऐ निश्चित हो । यहाँ प्रश्न उठ्यो त्यसको समाधान हुन्छ हुनुपर्दछ ।<br><br>सहज रुपमा उपचार गर्न पाउने व्यवस्थाको लागि हामी सचेत छौ । |
| युवराज वस्ती<br><br>चितवन उद्योग संघ संग सम्बन्धित उद्योगपति | ट्राफिक आइलैण्ड भएका स्थानमा सवारी साधन मोड्ने कहाँबाट हो ? म्याजिक भ्यानले ट्राफिक नियम उलघन गरेको विषय र जताभावी राजमार्ग क्षेत्रमा झोलिएका केवुल र टेलिफोन तारका कारण यातायात संचालमा समस्या | जितेन्द्र बस्नेत<br><br>प्रमुख जिल्ला अधिकारी<br><br>चितवन | ट्राफिक आइलैण्डमा सवारी मोडने विषय प्रस्ट संग बुझ्ने बनाउन निर्देशन दिइने छ ।<br><br>झोलिएका तार र केबुल तारको विषयमा जुन विषय उठान भयो यो सम्बन्धित कार्यालयलाई जानकारी गराइने छ । |

| | | | |
|---|---|---|---|
| सभद्रा श्रेष्ठ<br><br>भरतपुर १, महानगर महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल संयोजक | महानगरले महिला स्वास्थ्य स्वयंसेविकाको विषयमा बजेट व्यवस्था नगरेको विषय | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत भरतपुर महानगरपालिका | महिला स्वयंसेविकाको लागि उपचार खर्च प्रदेश सरकारबाट छ लाख रुपैंयाँ छुट्याएको जानकारी । |
| हुमबहादुर क्षेत्री<br><br>भरतपुर २० | सुन्दा जति आकर्षक र आशालाग्दो विषय छन तर, व्यवहारमा लागु गर्ने विषयमा कमजोरी किन ? शारदानगर हेल्थपोष्ट लाई ५० सैंयाको अस्पताल बनाउने विषय, जनतालाई विकासको नाममा ५० प्रतिशत रकम साझेदार बढी भयो ।<br><br>करको विषयमा जनता सन्तुष्ट छैनन<br><br>सुकुम्वासीले लालपूर्जा कहिले पाउँछन ? | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत<br><br>रेनु दाहाल<br><br>प्रमुख भरतपुर महानगरपालिका | विकास जहाँ पनि ५० प्रतिशत जनसहभागीताको कुरो छैन । यस विषयलाई महानगरको २०७५ असार १० देखि १५ सम्मको नगरससभाले निर्णय गरेको छ सोही अनुसार साझेदार हुँदै आएको छ ।<br><br>कर तिर्नु नागरिकको कर्तव्य हो । जहाँसम्म कर निर्धारणको कुरो छ यो सबैसबैको सहमतिमा भएको हो । राजनीतिक दल उद्योगी व्यवसायी सबैले यसमा समर्थन जनाई सकेको अवस्था हो । |
| तुलसी भुषाल भरतपुर १८ | तरकारी कृषकका समस्या प्रति महानगर मौन<br><br>दूधमा जस्तै प्रतिफलको आधारमा प्रोत्साहन गरिनु पऱ्यो । | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | तरकारीमा पनि अनुदान छ । दूधमा जस्तो लिटरको यति भने जस्तो मात्र नभएको हो । |

| | | | |
|---|---|---|---|
| इन्दु पण्डित वडा नम्बर २० | वडा नम्बर २० मा स्वास्थ्य संस्था कहिले ? | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत भरतपुर महानगरपालिका | वडाबाट सिफारिस गरेर पठाउनुहोस सम्बन्धित ठाउँबाट त्यसको मूल्याँकन गरेर उपयुक्त भए नहुने करै छैन् । |
| चिन्तामणि पौडेल<br><br>भरतपुर २० | भूमिहिनलाई लालपूर्जा कहिले ? किन समेटिएन भूमिहिनको विषय ?<br><br>फोहर मैला उठाउने व्यवस्था कहिले देखि | नेत्र सुवेदी<br><br>प्रमुख, प्रशासकी अधिकृत महानगरपालिका | भूमिहिनको लालपूर्जाको उत्तर मेयर सापले दिनु होला ।<br><br>फोहर उठाउनको लागि तपाईहरु तत्पर हुनुहुन्छ लाग्ने शुल्क जम्मा गरेर बुझाउनु भयो भने तत्काल फोहर उठाउने व्यवस्था हुन्छ । |
| पूर्णचन्द्र अर्याल | दोहोरो र तेहोरो कर किन ?<br><br>घरजग्गा कर, सम्पत्तीकर र बैंक व्याजकर यो एकै चोटी लिन मिल्दैन ? | नेत्र सुवेदी | एउटै कामको लागि पटकपटक कर उठाउनु हुँदैन् । जुन जस्तो प्रकृतिको व्यवस्था छ सोही अनुसार उठाउने प्रकृया हुन्छ । |
| किर्तिनिधी अर्याल<br><br>शिक्षक | संस्थागत र सामुदायिक विद्यालय शिक्षकमा भेदभाव गरियो ?<br><br>पुरानो सडक विस्तार गर्दा समयमै बिजुलीका पोल किन सारिँदैनन<br><br>वडा कार्यालमा जाँदा कर्मचारी कहाँ गयो कतिवेला आउँछ भन्ने पनि जानकारी हुँदैन | नेत्र सुवेदी | विद्यालय संस्थागत भएपनि सामुदायिक भएपनि त्याहाँ पठाउने शिक्षक र पढने विद्यार्थीलाई भेदभाव गरिएको छैन् । नगर शिक्षा समितिले भेदभाव गरेको छैन् ।<br><br>विद्युतपोल भन्दाभन्दै सार्न नसकिएको होला । सम्बन्धित कार्यालयसंग बसेर यस विषय समाधान गरिन्छ । |
| दूर्गाप्रसाद घिमिरे<br><br>वडा २६ | हाट बजार निरीक्षण गरिनुपर्‍यो<br><br>अन्जना तालको व्यवस्थापन शिध्र हुनुपर्‍यो ।<br><br>सोलार र सडक बत्तिको नियमित | जितेन्द्र बस्नेत<br><br>प्रमुख जिल्ला अधिकारी | प्रहरी जनशक्ति कम भएका कारण समस्या परेको हो । देशभर प्रति ४०० नागरिककोलागि एक प्रहरी छन तर, चितवनका प्रति ८०० मा एक प्रहरी भएकाले पनि समस्या परेको हो । तर, स्थानीय सिफारिस |

| | | | |
|---|---|---|---|
| | अनुगमन  आवस्यक देख्छु ।<br>प्रत्यक वडामा प्रहरीको व्यवस्था कहिले ? | | भएको खण्डमा केही पोष्ट थप गर्न सकिन्छ । अहिले चितवनमा ६७ वटा मात्र प्रहरी पोष्ट छन् । |
| हरिबहादुर राई<br>भततपुर २ | बालकुमारीको सब्जी मण्डीको सुधारमा महानगरको के सोचाई छ ? | | ढल व्यवस्थापन समस्या थियो अव समाधान तर्फ जाँदै छ । |
| चित्रबहादुर लिम्बु<br>आदिवासी जनजातीका जिल्लास्तरका नेता | विना बाबुको बालबालिकाको नागरिकताको विषय कसरी बन्छ ? | जितेन्द्र बस्नेत<br>प्रमुख जिल्ला अधिकारी | नागरिकता ऐन २०६३ संसोधन पछि हुन्छ । उक्त विषय यतिवेला संसदमा विचाराधीन छ । |
| गुञ्जमान विक | दलीत विद्यार्थीलाई छात्रवृत्ति कोटा कति हो ?<br>नीजि कलेजहरुले आफुखुशी दुई जनालाई मात्र छात्रवृत्ति दिन्छन।<br>अव महानगरले सार्वजनिक जमिन कसरी जोगाउने भन्ने नीति बनाउन आवस्यक छ । | नेत्र सुवेदी<br>प्रमुख प्रशासकीय अधिकृत भरतपुर महानगरपालिका | छात्रवृत्तिमा कहाँ समस्या छ त्यो किटानी साथ आउनु पऱ्यो । समाधानको पहल हुन्छ । |
| | अपाङ्गमैत्री नाममा मात्र कामका छैन किन ? | प्रमुख प्रशासकीय अधिकृत नेत्र सुवेदी | अव बन्ने संरचनामा सके सम्म यो नीति अपनाइने छ । |

| | | | |
|---|---|---|---|
| जीतबहादुर लामा<br><br>वडा सदस्य वडा नम्बर १८ | अहिले सिटीहल बन्ने भनिएको ठाउँ उपयुक्त छैन दशरथ रंगशालामा १९७४ मा भागदौड मच्चिदा जस्तो हुन सक्छ | रेनु दाहाल<br><br>प्रमुख भरतपुर महानगरपालिका | विकल्पमध्येको अन्तिम विकल्प भएकाले उक्त ठाउँ छनोट गरिएको हो । प्रश्न राख्नुभयो । त्यस्तो नहोस भनेर सचेत प्रकृतिले संरचना निर्माण हुन्छ । |

| | | | |
|---|---|---|---|
| टुकमान गुरुङ्ग<br><br>सचिव<br><br>चित्रवन फूटबल रंगशाला समिति | वडा नम्बर २० मा निर्माणाधीन फूटबल रंगशाला जनु १० विगाह क्षेत्रफलमा बन्दै छ । एक अर्ब ५४ करोड ७५ लाख बजेट अनुमान गरिएको छ यस्तो लाई किन नगरस्तरीय मेघा प्रोजेक्टमा राखिएन | रेनु दाहाल<br><br>प्रमुख<br><br>भरतपुर महानगरपालिका | समितिको बनाएर काममा निरन्तरता दिँदा महानगरले यस्ता विषयलाई गौण मानेको छैन् । काम गर्नुहोस गर्ने उत्साह देखाउनुहोस बजेटको कुनै समस्या पर्दैन् । |
| गोबिन्द गुरुङ्ग | रिङ्गरोडको बारेमा यत्रो बहस भइरहेको छ कहाँ हुँदै जानेहो यो रोड ? | रेनु दाहाल<br><br>प्रमुख, भरतपुर महानगरपालिका | यसको उत्तर माथि नै उल्लेख भइसकेको छ । १० किलोमिटर समस्या थिएन त्यहाँबाट शुरु भयो । अव कम्तिमा ३० मिटर बनाउन मिल्ने गरि रिङ्गरोडको डिपीआर बन्छ त्यस पछि मात्र कहाँ हुँदै जानेहो भन्ने हुन्छ । तर हाम्रो प्रारंम्भिक सोचाई नारायणी र राप्ती किनारकिनार बनाउने भन्ने हो । |
| दुर्गाप्रसाद घिमिरे<br><br>वडा २६ | बडा १० र २० का जनताले सुविधा अनुसार कर तिर्ने व्यवस्था हुनुपर्‍यो ?<br><br>पश्चिम क्षेत्रमा अस्पताल चाहियो ।<br><br>सुरक्षा निकाय पनि सदरमुकाम केन्द्रीत भए जनसख्यको आधारमा सुरक्षा निकाय हुनुपर्‍यो ।<br><br>सवारी चालक अनुमति पत्र एक बर्ष सम्म नपाउने अवस्थाको अन्त्य हुनुपर्‍यो । | नेत्र सुवेदी | करको दर फरक छ ।सबैको सहमतिमा यो तय गरिएको छ । |

| | | | |
|---|---|---|---|
| राधादेवी काफ्ले<br><br>अध्यक्ष<br><br>नारी जागरण केन्द्र | माइती नभएका कारण नागरिकता नपाउने भन्ने पनि हुन्छ ? | प्रमुख जिल्ला अधिकारी<br><br>जितेन्द्र बस्नेत | कानुनले बर्जित गरेको बाहेक नागरिकता नपाउने भन्ने नै छैन । समस्या नागरिकता ऐन संसोधनको हो । |
| सूर्यकला अधिकारी<br><br>वडा २० | महानगरको वडा नम्बर २० का जनताले शुद्ध पिउने पानी कहिले पाउने ? | नेत्र सुवेदी | वडाले सिफारिस गर्नुभयो र प्रकृयामा जानुभयो भने यस विषयमा काम हुन्छ । |
| भरतपुर २५ रातापुरवासी | २५ नम्बर वडाको विकसा निर्माण सून्य छ ? अध्यक्ष बजेट छैन भन्नुहुन्छ विकास कहिले हुन्छ ? | बिजय भुजेल<br><br>अध्यक्ष<br><br>वडा नम्बर २५ | हिजोको शुक्रनगर गाविस पुरै एउटा वडा छ । भूगोल ठूलो छ चाहे जति विकास गर्न त सकिएको छैन तर, उहाँले जे भन्नुभयो त्यो अवस्था छैन । विकास उहाँले भनेकै क्षेत्रबाट शुरु भएको छ । जानी बुझीकन यस्तो प्रश्न नगर्दा राम्रो होला सबैले देखेकै छन् । |
| लिलाधर सुवेदी<br><br>संयोजक<br><br>श्रीमावि शशिनगर<br>भरतपुर १८ | प्रविधिकले समय नदिँदा काम समयमा गर्न सकिएन । यस्तो समस्या कहिले सम्म ? | | |
| बोधराज घिमिरे<br><br>वडा २० | शारदानगरबाट कोइराला डाँडा हुँदै टेकप्रसाद चोक सम्म सडक पिच भयो तर बिचको ५०० मिटर किन भएन ? वडाध्यक्ष सग सोधौ मेरो खल्तिबाट हाल्ने भनेर उत्तर दिनुहुन्छ । | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत भरतपुर महानगरपालिका | केही समय समस्या भोग्नु भयो । अव सडक बनाउने विषयमा विलम्ब हुन नदिने पक्षमा हामी पनि छौ । |

| | | | |
|---|---|---|---|
| राजबहादुर भण्डारी क्षत्री<br><br>वडा नम्बर २७ | जमिन खरिद बिक्री र अंशवण्डामा राजश्व फरकफरक हुनुपर्‍यो ।<br><br>तीन खम्बे अर्थनीति मुनाफाकर २० प्रतिशत अतिनै भयो । | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | यस विषयमा के समस्या हो सम्बन्धित कार्यालय संग बसेर छलफल गरौला । |
| शारदाकान्त घिमिरे<br><br>वडा नम्बर २० | राप्ती र नारायणी नदी विचका हामी खेत रोप्न साउन १५/२० गते पर्खनु पर्छ । हामीले सिंचाई सुविधा पाउने कहिले ? स्यालो ट्युवेलको लागि धनुषा पुग्नु पर्ने बाध्यता छ यो समाधान कहिले हुने हो ? | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | यस बारे मैले पहिल्यै उत्तर दिए । यस पटक हाम्रो केही कमी कमजोरी भए सिंचाईमा बजेट कम भयो भन्ने छ । आगामी बर्ष त्यस्तो हुँदैन् । |

| | | | |
|---|---|---|---|
| बलराम अधिकारी<br><br>भरतपुर २० | अन्न उत्पादन भएपछि त्यसको मूल्य तोकिने गर्दछ ? तर, हामीले उत्पादन गर्ने बेला सस्तोमा बेच्नु पर्दछ । उपभोग गर्ने बेला त्यसको दोब्बर तिरेर खानु पर्ने अवस्था छ ? यो अवस्थाको अन्त्य कहिले ? | | |
| मेघनाथ पोखरेल<br><br>भरतपुर २० | महानगरपालिका क्षेत्रमा बनाइएका संरचना बलियो र भरपर्दो हुनुपर्‍यो । कमजोर संरचना बनाउने ठेकेदारलाई कालोसूचीमा राखेर कारवाही गर्ने गर्नुपर्‍यो ।<br><br>सबै वडा र क्षेत्रलाई समानुपातिक योजना र बजेट गएको् देखिएन ।<br><br>अभिभाकको मृत्युपछि नामसारी गर्नुपर्दा जुन शुल्क छ त्यो न्यायसंगत देखिएन । के नामसारी गर्नको लागि जग्गानै बेच्नु पर्ने हो र ? | नेत्र सुवेदी<br><br>प्रमुख प्रशासकीय अधिकृत | संरचना निर्माण निश्चित मापदण्ड अनुसार हुन्छन् । मापदण्ड अनुसार भएका छैनन भने कहाँ कुन संरचना हामी प्राविधिक पठाएर त्यसको अनुगमन गर्छौं ।<br><br>बजेट विनियोजन बाषिक नीति र कार्यक्रम तय हुँदै हुने कुरा हो । हरेक योजनाहरु सोही अवसरमा छलफल हुने र बजेट बिनियोजित गर्ने भएकाले बेलैमा यस विषयमा सचेत हुनु पर्दछ । |

## अन्तमा : महानगरपालिका लाई हाम्रो सुझाव

- महानगरमा हुँदै गरेका विकास निर्माणमा अनुगमन प्रभावकारी बनाउन आवस्यक देखिन्छ ।
- सम्पन्न योजनाहरुलाई नागरिक सुनुवाई गरि सेवा प्रभावकारी बनाउन जरुरी छ ।
- निर्माणको काम जिम्मा लिने तर, समयमा पुरा नगर्ने, गुणस्तरीय नगर्ने निर्माण व्यवसायीलाई कारवाही र क्षतिपूर्ति दिलाउने नीति आवलम्बन आवस्यक छ ।
- सार्वनिक सुनुवाईमा उठाइएका सवाल र त्यसमा गरिएको प्रतिवद्धता अर्को सुनुवाई हुनु आगावै पुरा गर्न जोड दिनुपर्ने देखिन्छ ।
- नागरिक प्रतिवेदनमा प्रयोग गरिएका प्रश्नावली सटिक र छोटो बनाउन आवश्यक छन् ।
- महानगरपालिका र माताहतका कार्यालयहरुमा हुने गरेका विकास निर्माणका काम, सेवा र सुविधा जस्ता विषय तत्सम्बन्धी कारवाही वा निर्णयहरु आम नागरिकको चासोका विषय हुन् । त्यसैले, यस्ता विषयलाई आम उपभोक्ता अर्थात नागरिकले मागेको बखत दिने गरि महानगपालिका सूचनाको हक कार्यान्वयनमा अब्बल बनोस ।
- महानगरको वेभसाइट खोल्ना साथ समग्र महानगरको अनुहार स्पष्ट देखिने होस् ।




सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिँदै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल




सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिँदै चितवनका प्रजिअ जितेन्द्र बस्नेत




सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिँदै भरतपुर म.न.पा.का उपप्रमुख पार्वती शाह ठकुरी




सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिँदै भरतपुर म.न.पा.का
प्रमुख प्रशासकीय अधिकृत नेत्र सुवेदी




सार्वजनिक सुनुवाई कार्यक्रममा महानगरपालिकाका प्रमुख, उपप्रमुख, प्र.जि.अ., राजनीतिक दलका प्रमुख एवं सम्बन्धित सरोकारवालाहरु ।

## सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरु







